# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १९ मितिः २०७४/१२/१८


**भाग-२**

**भूमे गाउँपालिका**

## खानेपानी, सरसफाई तथा स्वच्छता रणनीतिक कार्ययोजना, २०७५

**१. पृष्ठभूमि :**

नेपालमा सरसफाई प्रवर्द्धन कार्यक्रम संयुक्त राष्ट्र संघले सन् १९८० को दशकलाई खानेपानी तथा सरसफाई दशकको रुपमा कार्य गर्न आव्हान गरे पश्चात् औपचारिक रुपमा सुरुवात भएको हो । यस क्षेत्रमा संलग्न संस्थाहरुले आआफ्नो संस्थाको सीमित स्रोत साधन र कार्य प्रक्रियामा आधारित सरसफाईका टुक्रे (Fragmented) कार्यक्रमहरु सञ्चालन गर्दै आएका थिए । सरसफाई गुरु योजना, २०६८ को कार्यान्वयन पश्चात हालका दिनसम्म आईपुग्दा स्थानीय तहको नेतृत्वमा सामाजिक अभियानको रुपमा सरसफाई प्रवर्द्धन कार्यक्रम सरोकारवालाहरुको समन्वय, सहकार्य र आवद्धतामा संचालन भइ रहेको छ । सरसफाई र स्वच्छता प्रवर्द्धन गर्ने कार्य बहुआयामिक र बहुक्षेत्रगत सरोकारको विषयको रुपमा संस्थागत भई हालसम्म देशका विभिन्न स्थानमा साविकका गा.वि.स.हरु खुल्ला दिसामुक्त अवस्था घोषणा भइसकेको

अवस्था छ ।

नेपालको संविधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाईको दायरा फराकिलो भई प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधार स्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ ।

यस क्षेत्रमा संलग्न सरोकारवालाहरुले विगतदेखि विभिन्न नामले खुला दिसामुक्त घोषणा पश्चात्का क्रियाकलापहरु संचालन गर्दै आएको भएता पनि परम्परागत रुपमा स्थापित रुढीवादी संस्कार, सरसफाईले स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभाव प्रतिको सचेतनाको अभाव, आवश्यक पूर्वाधारहरुको कमी, हेल्चेक्रयाई, अशक्तता तथा स्थानीय तहको फितलो अनुगमनका कारण सरसफाई सम्बन्धी संरचनाहरुको समुचित प्रयोग, मर्मतसम्भार तथा स्वस्थकर बानी व्यवहार विकास गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । सरसफाईको राष्ट्रिय अभियानमा शहरी सरसफाईका मुद्दाहरुलाई ठोस रुपमा सम्बोधन गर्नु उक्तिकै आवश्यक रहेको छ । विपद्का अवस्थामा खानेपानी र सरसफाईका सेवा सुविधाहरुको आपूर्ति र निरन्तरता अपरिहार्य रहेको देखिन्छ ।
सरसफाई गुरुयोजना, २०६८ र वातावरणमैत्री स्थानीय सुशासन ढाँचा, २०७०, पूर्ण सरसफाई रणनैतिक योजना २०७२ रुकुम र पूर्ण सरसफाई मार्गदर्शक सिदान्त २०७३, लाई मुख्य आधार मान्दै व्यापक क्षेत्रगत अनुभव, क्षेत्र तथा जिल्ला, गाउँपालिका तहका सरोकारवालाहरुको पृष्ठपोषण, राष्ट्रिय कार्यशालाको सुझाव र घोषणा-पत्र, दिगो विकास लक्ष्य, विज्ञहरुका राय सुझाव एवं नीतिगत आधारलाई मध्यनजर राखी भूमे गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता रणनैतिक योजना तयार गरिएको छ ।

**२. परिकल्पना**

गाउँपालिकालाई सन् २०२२ सम्ममा सरसफाई तथा स्वच्छता सम्बन्धी आनीवानीमा परिवर्तन भएको गाउँपालिका बनाइ सभ्य,सुन्दर, स्वच्छ, स्वस्थ र समुन्नत समाजको निर्माण गर्ने ।

**३.लक्ष्य**

गाउँपालिकाका सबै तह, तप्का र वर्गका जनताहरुमा आधारभूत सरसफाई तथा स्वच्छताको सुविधा पुर्‍याउने ।

यस गाउँपालिकालाई जिल्लाकै समृद्ध, सुन्दर गाउँपालिकाको रुपमा निर्माण गर्ने ।

## ४. उद्देश्य

- मानवीय, आर्थिक, भौतिक तथा प्राविधिक श्रोतहरु को एकीकृत परिचालन गरी सन् २०२२ सम्ममा सरसफाई तथा स्वच्छताको आनीवानीमा परिवर्तन भएको **पूर्ण सरसफाई उन्मुख गाउँपालिकाको रुपमा** घोषणा गर्ने र पूर्ण सरसफाईयुक्त गाउँपालिकाको निर्माणका लागि पहिलो खुटकिलो तयार गर्ने ।
- गाउँपालिकाको तल्लो तहमा सरसफाईको क्षेत्रमा संस्थागत तथा व्यक्तिगत क्षमता विकासमा जोड दिने ।
- सार्वजनिक स्थल तथा संस्थाहरुमा अपाङ्ग व्यक्ति, वृद्धवृद्धा, लैङ्गिक तथा बालमैत्री चर्पी निर्माणको सुनिश्चिता गर्ने ।
- शहरी र अर्धशहरी क्षेत्र, ग्रामीण क्षेत्र तथा सार्वजनिक स्थलहरुमा फोहरको उचित व्यवस्थापनमा जोड दिने ।
- सरसफाई तथा स्वच्छतालाई विकासको मूल प्रवाहमा ल्याउने ।

## ५. रणनीतिः

१. सन् २०२२ सम्ममा **सफा, स्वच्छ र हरियाली भूमे** भन्ने मूल नाराका साथ रुकुम पूर्व जिल्ला स्थित भूमे गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका बनाइनेछ ।

२. पूर्ण सरसफाई अभियानका लागि गाउँपालिका स्तरीय समन्वय समितिको अगुवाइमा विभिन्न विषयगत इकाइहरु, स्थानीय संघसंस्था तथा सहयोगी निकाय एवं आयोजनाहरुको एकीकृत प्रयास गरिनेछ ।

३. नेपाल सरकार, खानेपानी तथा सरसफाई मन्त्रालयद्वारा जारी **पूर्ण सरसफाई मार्गदर्शन, २०७३** लाई आधार मानी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका तथा स्थानीय तहको योजना तर्जुमा गरिने आवधिक योजनामा खानेपानी, सरसफाई र स्वच्छताका कार्य योजनालाई एउटा विशेष खण्डका रुपमा समावेश गरिनेछ ।

५. भूमे पूर्ण सरसफाई कार्यक्रममा प्रकोप तथा जलवायु परिवर्तनका असर न्यून गर्ने उपाय अबलम्बन गरिनेछ ।

६. ठोस तथा तरल फोहरमैलाको उचित व्यवस्थापनका लागि फोहोर कम गर्ने, प्रयोग गर्ने जस्ता प्रविधिहरुको अवलम्बन गरिनेछ । सहरी तथा ग्रामीण सरसफाईमा अनुकूल नीतिगत वातावरण तयार गरी सार्वजनिक निजी साझेदारी अवधारणाको प्रवर्द्धन मार्फत ठोस र तरल फोहरमैला व्यवस्थापनको लागि थप श्रोत साधन जुटाउन सहकार्य गरिनेछ ।

७. फोहर संकलन, व्यवस्थापनमा सम्भव भएसम्म स्थानीय साधन, स्रोत र प्रविधिलाई प्राथमिकता दिइनेछ ।

८. सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारी पद्धतिको अवलम्बन गरी आवश्यक ठाउँमा शौचालय निर्माणका लागि आर्थिक स्रोत साधन जुटाउन सहकाय गरिनेछ ।

९. पूर्ण सरसफाई अभियानमा उत्साह, उल्लास र उमङ्गको वातावरण सिर्जना गर्दै पूर्ण सरसफाई अभियानलाई व्यापकता दिन सरोकारवालाहरुले स्थानीय तहमा उपयुक्त हुने खालका शिक्षाप्रद, सचेतनामूलक तथा व्यवहार परिवर्तन गर्ने खालका कृयाकलापहरु सञ्चालन गरिनेछ ।

१०. पूर्ण सरसफाई अभियानका क्रियाकलापहरुलाई हरियाली विकास, आय आर्जन र पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यहरुसँग एकीकृत गरी सरसफाईमा दिगोपना कायम गरिनेछ ।

११. खुल्ला दिसामुक्त, पूर्ण खोप र साक्षरता, धुँवामुक्त सम्बन्धि प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी ती क्षेत्रहरुसँग सम्बन्धित अनुगमन पद्धति र लग फ्रेममा पूर्ण सरसफाई अभियानका सूचकहरु एकीकृत गरी सरसफाईबाट हासिल हुने उपलब्धिको दायरालाई अझ फराकिलो र व्यापक बनाइनेछ ।

१२. पूर्ण सरसफाई अभियानमा विशेष योगदान पुऱ्याउने व्यक्ति तथा विभिन्न संघ संस्थालाई यथोचित सम्मान र कदर गरिनेछ ।

१३. सामूदायिक वन उपभोक्ता समूहहरु, खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु, युवा क्लबहरु, महिला समूहहरु, यातायात व्यवसायी संस्थाहरु, सञ्चार क्षेत्र, सहकारी एवम् वित्तीय निकायहरु र स्थानीय तहमा रहेका औपचारिक र अनौपचारिक संघ संस्था तथा समूहहरुसँग पूर्ण सरसफाई अभियानमा सक्रियताका साथ साझेदारी गरिनेछ ।

१४. पूर्ण सरसफाई प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धिमूलक सामग्रीहरु (IEC Materials) तयार पार्दा, सचेतनामूलक तथा खोजमूलक सामग्रीहरु प्रकाशन तथा प्रसारण गर्नु पर्दा अभियानको सहजीकरण गर्ने निकायहरु बीच समन्वय र सहकार्य गरिनेछ ।

१५. विपदको बखतमा सम्बन्धित समन्वय समितिको समन्वयमा खानेपानी तथा सरसफाईसँग सम्बन्धित सामग्रीहरु उपलब्ध गराई प्रभावित वर्गलाइ सहयोग पुऱ्याइनेछ ।

१६. पूर्ण सरसफाई अभियानलाई प्रभावकारी बनाउन कार्यक्रमको पारदर्शिता कायम गर्न, गुणस्तर कायम गर्न नियमित बैठक, समीक्षा तथा अनुगमन तथा मूल्यांकन पद्धतिलाई चुस्त बनाइनेछ ।

## ६. सरसफाई अभियान संचालनको लागि क्षेत्रगत जिम्मेवारी तथा भूमिका :

सरसफाई अभियानलाई सफल बनाउन गाउँपालिकामा रहेका ६ वटा विशेष क्षेत्रहरु: राजनीतिक दल, शिक्षा, स्वास्थ्य, नागरिक समाज, संचार, स्थानीय तहको विशेष भूमिका रहनेछ । उक्त विशिष्ठ भूमिका रहने विषयगत क्षेत्रहरुले तल उल्लेखित कृयाकलापहरुमा नेतृत्व प्रदान गर्नेछन् ।

**क) स्थानीय तह :**

- वडा स्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गर्ने, आ-आफ्नो वडाको खानेपानी तथा सरसफाई रणनीतिक योजना बनाई त्यसलाई कार्यान्वयनमा ल्याउने ।

- सरसफाई कार्यकमको लागि गा.पा.बाट प्राप्त विकास अनुदानको १० प्रतिशत रकम विनियोजन गरी सरसफाई क्षेत्रमा विनियोजन गर्ने ।
- सरसफाई कार्यक्रमको लागि गा.पा. बाट विनियोजित रकमको खर्चको कार्ययोजना तथा अनुगमन गर्ने संयन्त्र तयार गरी कार्यन्वयनमा ल्याउने जसको लागि गाउँपालिकाले सहजीकरणको भूमिका निर्वाह गर्ने ।
- गाउँपालिकामा तथा गा.पा.का वडाहरुमा सरसफाईलाई सामाजिक आन्दोलन रुपमा अगाडी बढाउन सबै सरोकारवालाहरुलाई समन्वय गर्ने, सहभागितात्मक योजना बनाउने, सहकार्यमा कार्यानवयन गर्ने, संयुक्त अनुगमन गर्ने र समिक्षा गर्ने परिपाटीको नेतृत्व गर्ने ।
- गा.पा.का वडाहरुले आफ्नो वडाको तथ्याङ्क संकलन गर्ने, त्यसलाई नियमित अध्यावधिक गर्ने, त्यसलाई विश्लेषण गर्ने, प्रगतिको समिक्षा गर्ने र आफ्नो वडाको अवस्थाको प्रगति विवरण चौमासिक रुपमा जिल्ला समन्वय समितिमा पठाउने ।
- कुनै पनि सिफारिश दिँदा सम्बन्धित व्यक्तिको घरमा पूर्ण सरसफाईको सूचक पूरा गर्न अग्रसर भए नभएको सोध्ने र अर्को पटक देखि पूरा गर्न अग्रसर नभएमा घरका व्यक्तिको कुनै पनि सिफारिश वडाले नगर्ने जानकारी दिने ।
- प्रत्येक वडाहरुमा सरसफाई सम्बन्धि आचारसंहिता निर्माण गरी प्रतिवद्धता जाहेर गर्ने, गराउने ।
- स्थानीयस्तरमा रहेका श्रोत साधनको व्यापक प्रयोग गरी पुर्ण सरसफाईलाई अभियानको रुपमा लैजान तथा यसको लागि विशेष कार्यक्रमहरु लैजाने ।
- कार्य सम्पादनको आधारमा गाउँपालिकाले पूर्ण सरसफाई तर्फ उन्मुख वडा तथा टोलहरुलाई पुरस्कृत गर्ने ।
- पूर्ण सरसफाई युक्त घर वडा सम्मान पत्र व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ।
- खानेपानी तथा सरसफाई कार्यक्रमको प्रवर्द्धनका लागि आवश्यक्तानुसार नीति निर्माण गरी कार्यन्वयन गर्ने गराउने ।

**ख) राजनैतिक दलः**

- गाउँपालिकाकोको हरेक बैठकमा अर्थपूर्ण प्रतिनिधित्वमा नीति निर्माण गर्ने र कार्यान्वयनको नेतृत्व गर्ने ।
- प्रत्येक राजनैतिक दलले पूर्ण सरसफाई अभियानको नीतिलाई प्रमुख एजेण्डा बनाई अभियानकै रुपमा लैजाने
- वडा समिति तथा गाउँपालिकाबाट विनियोजित रकमको १० प्रतिशत सरसफाई व्यवस्थापनको लागि अनिवार्य रुपमा विनियोजन गराई वडाको सरसफाई कोषको स्थापना वा कार्यक्रम सुनिश्चित गराउने ।
- नियमित अनुगमन तथा सुपरीवेक्षण गरी समीक्षा गर्ने ।
- सन्चालित खानेपानी योजनाहरुबाट अनिवार्य रुपमा १० प्रतिशत रकम सरसफाईका लागि विनियोजन गर्न लगाई सरसफाई कोषमा राख्न लगाउने ।
- गाउँपालिका स्थित सम्पूर्ण राजनैतिक दलहरुले सरसफाई सम्बन्धि रणनैतिक योजना सफल पार्न आम जनसमुदायमा अपिल गर्ने र कार्यकर्तालाई परिचालित हुन आह्वान गर्ने ।
- राजनैतिक दलको आन्तरिक प्रशिक्षण तथा वाह्य जनसभाको कार्यक्रममा सरसफाईको विषय अनिवार्य उठाउने ।
- तत्काल जिल्लाका मुख्य मुख्य स्थानहरुमा वृहत सांस्कृतिक कार्यक्रमको आयोजना गरी दलका मुख्य नेताहरुको उपस्थिति सहित ऐक्यवद्धताको सन्देश दिने ।
- वडाहरुको वार्षिक सरसफाई रणनीतिक योजना बनाउन र नियमित समिक्षामा सहभागि भई योगदान पुऱ्याउने ।
- घरदैलो कार्यक्रममा सहभागि भई सुरक्षित सरसफाई व्यवहार प्रवर्द्धनमा सहजीकरण तथा उत्प्रेरणा जगाउने ।
- हरेक पटकको समन्वय समिति बैठकमा उपस्थित हुंदा आफ्नो दलले उक्त अवधिमा गरेको काम र प्राप्त उपलविधलाई लिखित मौखिक रुपमा पेश गर्ने ।

**ख) शिक्षा क्षेत्रः**

- गाउँपालिकाको तर्फबाट विद्यालय सरसफाई कार्यक्रमको निर्देशिका तयार गरि सबै विद्यालयहरुमा कार्यान्वयनका लागि पठाउने र सरसफाई अभियान संचालनको लागि सबै विद्यालयबाट विद्यालय सरसफाई कार्यक्रम अन्तरगत विद्यालयको अगुवाईमा पुर्ण सरसफाई कार्यक्रम संचालन गर्ने ।
- पूर्ण सरसफाई तर्फ उन्मुख वार्ड तथा विद्यालय सेवा क्षेत्रका विद्यालयलाई प्राथमिकतामा राखी शौचालय तथा खानेपानीका योजना वितरण गर्ने र सबै विद्यालयमा आवश्यक संख्यामा खानेपानी योजना तथा  चर्पीको सेवा पुऱ्याउने ।
- प्रत्येक विद्यालयमा १५ दिनको फरकमा लाइनमा सरसफाईको विषयमा छलफल चलाउने चर्पीको निर्माण गरि प्रयोगमा ल्याएका विद्यार्थीलाई अबिर टिका लगाई फुलको थुंगा दिने र बांकिलाई पनि छिट्टै चर्पीबनाई प्रयोगमा ल्याउन आफ्नो घरमा छलफल चलाउन र सहयोग गर्न उत्प्रेरित गर्ने ।
- सबै विद्यालयमा बालक्लव सर्कल गठन गरि विद्यालय परिवारको साझा छलफलबाट विद्यालय परिसरको सरसफाई र विद्यालय स्रोत क्षेत्रमा सचेतना कार्यक्रमको अभिमुखिकरणको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने ।
- सरसफाई सम्बन्धि हाजिरी जवाफ, लोक दोहोरी, वक्तृत्वकला जस्ता प्रतियोगिता संचालन गर्ने ।
- स्वास्थ्य तथा वातावरण विषयको स्वास्थ्य तथा सरसफाईको पाठलाई मध्यनजर गरेर उक्त विषयलाई सैद्धान्तिक र व्यवहारिक रुपमा विभाजन गरी विक्रम संबत २०७६ सम्म २० देखि २५ अंकको व्यवहारिक विषय बनाउने र सम्बन्धित विद्यार्थी र उसको परिवारको साबुन पानीले हात धुने व्यवहार,  सुरक्षित पानीको प्रयोग र चर्पीको प्रयोग, घरायसि ठोस फोहरको व्यवस्थापन, पानी र खानाको सुरक्षित व्यवस्थापन र विद्यार्थीको व्यक्तिगत सरसफाईलाई व्यवहारको आधार बनाएर अंक दिने परिपाटीको स्थापना गर्ने ।

- पूर्ण सरसफाईयुक्त (नमूना विद्यालय बनाउने) विद्यालय, श्रोत केन्द्र तथा समुदायलाई  पुरस्कार, सम्मान तथा प्रशंसा जस्ता कार्यक्रम सन्चालन गर्ने ।
- महिनाको कम्तिमा एउटा शुक्रवार शिक्षक र विद्यार्थीको संयुक्त टोली आफ्नो विद्यालय, स्रोत केन्द्रका अभिभावकहरुका घरहरुमा भ्रमण गरि शौचालयको प्रयोग गर्ने र घर आसपास सरसफाई गर्ने घरधुरीलाई समाजको स्वास्थ्यमा समेत योगदान गरेकोमा धन्यवाद दिई अबिर टिका लगाइदिने र सरसफाई नभएका हरुलाई छिटो छिटो भन्दा छिटो सरसफाईमा अग्रसर हुन अभिप्रेरित गर्ने
- विद्यालयको  विभिन्न बैठक, उत्सव, समारोह आदिमा सरसफाईलाई प्रमुख एजेण्डाको रुपमा प्राथमिकता दिई छलफल गर्ने ।
- विद्यालयको भवन बनाउदा शौचालयलाई अनिवार्य रुपमा योजनाभित्र समावेश गर्ने तथा विद्यालयमा खानेपानी योजना छ भने शौचालय सञ्चालनमा ल्याउने तथा शौचालय नभएको भए निर्माण गर्न शिक्षा शाखाबाट पत्रचार गरी अनिवार्य रुपमा शौचालय बनाउन लगाउने ।
- सरसफाई कार्यकम सफल पार्न विद्यार्थी ,शिक्षक तथा अभिभावकलाई परिचालन गर्ने ।
- हरेक तहबाट समन्वय समितिको बैठकमा उपस्थित हुँदा उक्त अवधिमा आफ्नो क्षेत्रले गरेका कामहरु र उपलविधको विवरण लिएर जाने ।
- विद्यालय सहयोगमा आएको खानेपानी तथा सरसफाई संग सम्बन्धित कार्यक्रमहरु जस्तैः विद्यालयको छात्र तथा छात्रा शौचालय तथा खानेपानी लाई खानेपानी तथा सरसफाई समन्वय समितिमा छलफल गराई उक्त समितिको सिफारिश अनुसार वितरण गर्ने र त्यसलाई प्रभावकारी बनाउन स्थानीय तहमा कार्यरत गैससले सहजीकरण गर्ने ।
- यस अभियानमा शिक्षकहरुको महत्वपूर्ण भूमिका रहने भएकोले शिक्षक हक हित सम्बन्धि पेशागत सम्पूर्ण संघ संगठनहरुले आ आफना मातहतका निकाय एवम् सदस्यहरुलाई परिचालन  गर्ने ।

**ग) नागरिक समाज तथा विभिन्न संघ संस्थाहरु :**

- प्रत्येक संघसंस्था तथा नागरिक समाजले आ आफनो कार्यक्षेत्रमा सरसफाई सम्बन्धि अभियान संचालन गर्ने ।
- हरेक गै.स.स.हरुले सरसफाईलाई आफ्नो कार्यक्रमको अभिन्न अंश बनाई १० प्रतिशत रकम विनियोजन गर्ने ।
- गाउँपालिकामा रहेर जुन सुकै वडामा जुन सुकै कार्यक्रममा सामाजिक परिचालनमा भूमिका निर्वाह गरेको भएता पनि सो वडामा अवस्थित आफ्नो सामाजिक परिचालकलाई सरसफाई प्रवर्द्धनमा वडा समन्वय समितिलाई सहयोग गर्ने कार्ययोजना बनाउने र परिचालन गर्ने ।
- सरसफाई कार्यक्रमलाई अघि बढाउन समुदायस्तरमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने र बृतचित्र लगायतका विविध मन छुने प्रचार सामग्री बनाई समुदायमा प्रदर्शन गर्ने ।
- समुदाय स्तरमा सन्चालन हुने विभिन्न बैठक तथा कार्यक्रममा अनिबार्यरुपमा सरसफाई सम्बन्धि एउटा निर्णय गर्ने तथा माइन्यूटिङ्ग समन्वय समितिमा पेश गर्ने ।
- समन्वय समितिको बैठकमा आफ्नो संस्थाले सरसफाई प्रवर्द्धनमा गरेको योगदानलाई वडा तहमा गाउँपालिका तहमा र जिल्ला समन्वय समितिमा लिखित तथा मौखिक रुपमा जानकारी गराउने ।

**घ) स्वास्थ्य क्षेत्र :**

- गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिमा स्वास्थ्यसंग सम्वद्ध निकायलाई अनिवार्य रुपमा आवद्ध गराउने ।
- आफ्ना मातहतका स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीमा खानेपानीको व्यवस्था तथा शौचालय निर्माण गरी प्रयोग तथा व्यवस्थापन गर्न लगाउने ।
- स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी प्रमुखहरुलाई सरसफाई सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र स्थानीय तहका

स्वास्थ्य संस्थासंग आवद्द कर्मचारी तथा महिला स्वयंसेविकाले सरसफाई प्रवर्द्धनमा निर्वाह गर्नुपर्ने भूमिकाको निर्देशिका तथा कार्ययोजना बनाई त्यसमा अभिमुखिकरण गर्ने र त्यसको कार्यान्वयनको मापन गर्ने व्यवस्था मिलाउने ।

- स्वास्थ्य संस्थाले संचालन गर्ने जुन सुकै कार्यक्रममा पनि सरसफाईको एउटा विषय वस्तु समावेस गर्ने ।
- स्वास्थ्य संस्थामा जचाउन आउने विमारीलाई घरमा सरसफाईको अवस्था कस्तो छ सोध्ने, पानी जन्य रोग देखिएमा उसलाई लागेको रोगको कारण बताउने र सरसफाईको अवस्था नाजुक भएका घरधुरीलाई सरसफाईको महत्वको बारेमा बुझाई अर्को पटक जचाँउन आँउदा पहिलाको र हालको सरसफाईको अवस्थामा के फरक छ सोध्ने ।
- आमा समुह, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायमा रहेका संघ सस्थाहरुसंग समन्वय गरी सामूदायिक सरसफाई सम्बन्धि चेतना मूलक कार्यक्रम (साबुन पानीले हात धुने, पानी र खाना सुरक्षित राख्ने, पानीलाई सुरक्षित तबरले प्रयोग गर्ने तथा पूर्ण सरसफाई अभियानलाई तदारुकताका साथ लैजानको लागि अभियान सञ्चालन गर्ने ।

**च) आम सञ्चार :**

- सरसफाई कार्यक्रम सम्बन्धि समाचार, लेख रचना, विज्ञापन लाइ प्राथमिकता दिई प्रशारण गर्ने ।
- सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रम नियमित रुपमा प्रशारण गर्ने ।
- सरसफाई सम्बन्धि साप्ताहिक रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गर्ने ।
- गाउँपालिका, जिल्ला तथा जिल्लाबाहिर सरसफाईको क्षेत्रमा भएका उल्लेखनिय गतिविधि प्रकाशन र प्रशारण गर्ने ।
- नियमित सरसफाई अवस्थाको अनुगमन गरी प्रकाशन गर्ने ।
- सरसफाई सम्बन्धि सूचना, विज्ञापन कार्यक्रम प्रकाशन तथा प्रशारण

गर्दा साविकको मूल्यमा कम्तिमा २० प्रतिशत छुट दिई प्राथमिकतासाथ प्रकाशन तथा प्रसारण गर्ने ।

- नियमित कोटेशन, जिङ्गल तथा जनचेतनामूलक सन्देशहरु प्रकाशन तथा प्रसारण गर्ने ।
- स्थानीय स्तरका छापाहरुमा सरसफाई सम्बन्धि गतिविधिलाई प्राथमिकता दिई प्रकाशन गर्ने ।
- सार्वजनिक महत्वका स्थानहरुमा सरसफाईको प्रचार प्रसारका लागि होडिङ्ग वोर्ड स्थापना गर्ने ।

**छ) संजाल तथा उपभोक्ता समितिहरुः**

- आफ्नो संजाल, संघ तथा समितिसंग आवद्द समुह लाई पत्राचार गरि आ-आफ्नो समितिमा सरसफाई अभियानको विषयमा छलफल गरि आफनो समितिसंग आवद्द सदस्यहरुको घरमा सरसफाईको अवस्था एकिन गरी सबै समितिहरुलाई सरससफाइ अभियानकालागि हरेक घर नमूना बनाउन प्रेरित गर्ने
- आफ्ना संजाल सदस्य संस्था तथा व्यक्तिहरुको घरमा अनुगमन गरि जागरण ल्याउने ।
- आफ्नो समुहसंस्थामा उपलब्ध कोषलाई आफ्नो समुदायको खानेपानी व्यवस्थापन, शौचालय मर्मत सम्भार तथा निर्माण तथा सुरक्षित सरसफाई व्यवहार प्रवर्द्धनमा परिचालन गर्ने ।
- होटल व्यवसायी संघ तथा उद्योग वाणिज्य संघसंग आवद्ध व्यवसायीहरुको चर्पी मर्मत सम्भार तथा प्रयोग सम्बन्धि तथ्याङ्क लिई प्रत्येक व्यवसायीलाई शौचालय प्रयोगका लागि प्रेरित गर्ने ।

**ज) वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिहरुः**

- वडाको खानेपानी तथा सरसफाईको रुपरेखा तयार गरी लेखाजोखा तथा अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न सरसफाई सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।
- सरसफाई प्रवर्द्धन गर्ने क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन तथा दीर्घकालिन योजना बनाएर उत्तरदायित्व सहितको संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने

।

- नियमित अनुगमनका लागि अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयलाई प्राविधिक सरसल्लाह र सहयोग उपलब्ध गराउने ।
- कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनका लागि निर्वाध रुपमा समीक्षा बैठक तथा निरन्तरता दिने क्रियाकलापहरु संचालन गर्ने ।
- पूर्ण सरसफाई सम्बन्धी रणनीतिक योजना/कार्ययोजना तथा बजेटलाई गाउँपालिकाबाट स्वीकृत गराउने ।
- आवश्यक जानकारी तथा निर्णय बारेमा अवगत गराउन गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिसँग समन्वय गर्ने ।
- कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।
- क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन तीन महिनामा बैठक आयोजना गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौलो एवं सिर्जनशील क्रियाकलापहरु गर्ने ।

**झ) महिला, बालवालिका तथा समाज कल्याण इकाई**

- आफ्नो मातहतका सबै कर्मचारीहरुलाई गाउँपालिकामा संचालित सरसफाई अभियान र त्यसमा उनीहरुले खेल्ने भूमिकाका बारेमा अभिमुखिकरण गर्ने ।
- आफ्नो कार्यक्रमका सबै तालिम पाठ्यक्रमहरुमा सरसफाई प्रवर्द्धन, पूर्ण सरसफाईयुक्त अभियान र पानीको व्यवस्थापन सम्बन्धि एउटा विषयवस्तु राख्ने ।
- वडा तथा समुदाय तहमा रहने सामाजिक परिचालकहरुलाई सरसफाई प्रवर्द्धनमा भूमिका निर्वाह गर्न जिम्मवारी तोक्ने र पचािलन गर्ने ।

## ६. पूर्ण सरसफाई अभियान प्राप्तिका लागि तहगत विशिष्ट कार्यक्रम

सरसफाई अभियानका लागि विशेष गरी गाउँपालिका र वडा गरी २ तहमा कार्यक्रम संचालन गरिने छ । उक्त कार्यक्रमको सार संक्षेप निम्नानुसारको

रहने छ ।

**क) गाउँपालिका तह**

१) नियमित बैठक, त्रैमासिक समीक्षा तथा वार्षिक समीक्षा

२) नियमित प्रतिवेदन संकलन, अभिलेख व्यवस्थापन, प्रतिवेदन तयारी र संप्रेषण

३) क्षेत्रगत साझेदार तथा सोकारबाला ( शिक्षा, स्वास्थ्य, राजनीतिक दल, नागरिक समाज, संचार तथा गैसस ) हरुमा जागरण र परिचालनका लागि सरोकारवालाहरुको गोष्ठी

४) मलमुत्रलाई वैकल्पिक उर्जामा उपयोग गर्न चर्पीका विकल्पहरुको ज्ञान लगायतका अन्य नवीन अवधारणा तथा प्राविधिक क्षेत्रहरुको अनुभव, सिप तथा ज्ञान आदान प्रदान गोष्ठी

५) वडा तथा समुदायतहमा आवश्यक सहजीकरणका लागि सरसफाई सहजकर्ता तालिम तथा पुर्न-ताजकीय तालिम संचालन

६) गाउँपालिकाभित्रका खानेपानी तथा सरसफाईका सबै साझेदारहरुको वार्षिक बजेट तथा कार्यक्रमको संकलन, समायोजन र जिल्लाको एकीकृत योजना निर्माण

७) अनुगमन तथा मुल्याङ्कन योजना निर्माण, वडातहमा संयुक्त तथा एकल अनुगमन र सहजीकरण

८) एकीकृत संचार योजना तयारी र कार्यान्वयन

९) गाउँपालिका तहमा योजना निर्माण तथा कार्यान्वयनमा सहजकर्ताको व्यवस्थापन, सहजीकरण तथा सहयोग

१०) संचालनमा नरहेका खानेपानी योजनाहरुलाई संचालनमा ल्याउन गाउँपालिका तथा वडा तहमा नवीन तथा उपयुक्त अवधारणा तयारी

गोष्ठी, नीति निर्माण र कार्यान्वयन

११) सहयोगी संस्थाहरु नपुगेका वडाहरुमा सहयोगी संस्थाको पहिचान र सहयोगको व्यवस्थापन

१२) पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्ने वडाहरु, सरसफाई प्रवर्द्धनमा योगदान गर्ने संस्थाहरु तथा व्यक्तिहरुको पहिचान र उनीहरुलाई प्रशंसा तथा पुरस्कारको व्यवस्थापन

१३) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई रणनीतिक योजनाको प्रकाशन र संप्रेषण

१४) प्रभावकारी संचार सामग्रीहरुको तयारी, प्रकाशन, संकलन र संप्रेषण

**ख) वडा तह**

१) सरोकारवालाहरुको सहमति निर्माण गोष्ठी संचालन र सबै सरोकारवालाहरुमा सरसफाई अभियानमा सहभागी हुन सहमति निर्माण र प्रभावकारी भूमिकाका लागि उत्प्रेरणा

२) वडागत खानेपानी तथा सरसफाई रणनीतिक योजनाको निर्माण, प्रकाशन र संप्रेषण

३) वडाका सबै सरोकारवालाहरुमा अभिमुखिकरण गोष्ठी संचालन र परिचालन

४) सरसफाई सेवा पुग्नु पर्ने घर परिवार, संस्था तथा सार्वजनिक स्थलहरुको सूचना संकलन, अद्यावधिक, प्रतिवेदन तयारी र गाउँपालिका स्तरीय समन्वय समितिमा संप्रेषण

५) वडाका लागि आवश्यक सहजकर्ताको छनोट, उनीहरुलाई सहजकर्ता तालिम संचालन र सामाजिक परिचालनको अभियानमा परिचालन

६) समुदायतहमा अभिमुखिकरण र उत्प्रेरणा जगाउने, सांस्कृतिक

कार्यक्रम, सडक नाटक, फिल्म प्रदर्शन, बैठक, तालिम गोष्ठीको संचालन

७) विद्यार्थीहरुबाट घरभेट तथा उत्प्रेरणा जगाउने कृयाकलाप संचालन

८) घर भेट तथा समुह संस्थाको बैठक संचालन र बैठकमा समुहहरुलाई सरसफाई अभियानमा सहभागि हुने निर्णयमा छलफल गर्न र सहभागि हुन उत्प्रेरणा

९) घर तथा टोलहरुमा अनुगमन भ्रमण, प्रगतिका सूचना संकलन र अध्यावधिक

१०) समन्वय समितिको नियमित बैठक, आकस्मिक बैठक, त्रैमासिक समीक्षा, वार्षिक समीक्षा

११) वडातहको सबै साझेदारहरुको एकीकृत खानेपानी तथा सरसफाई प्रवर्द्धन योजना तयारी र कार्यान्वयन

१२) स्थानीय तहमा श्रोतहरुको खोजि दानविरहरुलाई सरसफाईमा दान गर्न उत्प्रेरणा र उनीहरुको दानको रकम शिलालेखमा व्यवस्थापन

१३) पूर्ण सरसफाईयुक्त टोल घोषणा गर्ने वार्ड, टोल, वस्ति र सरसफाई प्रवर्द्धनमा विशेष योगदान पूऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा प्रशंसा पत्रको व्यवस्था

**७. पूर्ण सरसफाई प्राप्तिका लागि हरेक वर्ष गरिने क्रियाकलापः**

- खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी रणनैतिक योजना तर्जुमा र
- गाउँपालिका तथा वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता स
- पूर्ण सरसफाईयुक्त टोल वडा घोषणाका लागि अनुगमन कार्यक्रम
- समुदायमा उत्प्रेरण जगाउने क्रियाकलापहरु (पूर्ण सरसफाईका लागि उत्प्रेरणा जगाउने काम, पानी शुद्धिकरण सम्बन्धी उत्प्रेरणा जगाउने

- अति विपन्न घरधुरीमा फिल्टर सहयोग कार्यक्रम
- विभिन्न समुहहरुलाई  पानी शुद्धिकरण सम्बन्धी अभिमुखिकरण
- विभिन्न समुहहरुलाई चर्पीको प्रयोग र महत्व सम्बन्धी अभिमुखिकरण
- नागरिक सचेतना केन्द्र, तथा अन्य सदस्यहरुलाई) साबुन पानीको प्रयोग र हातधु सम्बन्धी अभिमूखिकरण
- किशोरी समुहहरुलाई महिनावारी स्वच्छता सम्बन्धी अभिमुखिकरण
- अति विपन्न घरधुरीमा सुधारिएको चुलो सहयोग कार्यक्रम
- समुदायमा भकारो व्यवस्थापनका लागि सहयोग कार्यक्रम
- समुदायमा चागं निर्माण तथा जुठ्यान निर्माणका लागि सहयोग कार्यक्रम
- विद्यालयका किशोर किशोरी तथा शिक्षक शिक्षिकाहरुलाई महिनावारी स्वच्छता स
- विद्यालयका शिक्षक, शिक्षिकाहरुलाई खानोपनी, स्वास्थ्य तथा स्वच्छता सम्बन्धि अ
- विद्यालयका बालक्बहरुलाई खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि अभिमुखि
- विद्यालयमा सरसफाई  सहयोग कार्यक्रम
- विभिन्न स्थानहरुमा होर्डिग बोर्ड निर्माण
- पूर्ण सरसफाई टोल घोषणा कार्यक्रम

## ८. कार्ययोजना

माथि उल्लेखित क्रियाकलापहरु लक्षित वडा तथा टोलमा सम्पन्न गरी निम्नानुसार टोल तथा वडा पूर्ण सरसफाई उन्मुख गर्दै लैजान कार्यक्रम सञ्चालन गरिनेछ ।

**भूमे, गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति**

**अर्न्तगतका**

**टोल, वडा तथा गाउपालिका**

**पूर्ण सरसफाईयुक्त टोल वडा घोषणा मिति कार्यक्रम**

## ९. लागत अनुमान, क्रियाकलाप अर्न्तगतका बजेटहरु :

| क्रियाकलाप | प्रस्तावित बजेट, गाउँपालिकाको तर्फबाट | | | जम्मा बजेट |
|---|---|---|---|---|
| | वर्ष पहिलो | वर्ष दोश्रो | वर्ष तेश्रो | |
| खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी रणनैतिक योजना तर्जुमा गोष्ठि वडा स्तरमा | | | | |

| वडा | मिति: | सम्भावित टोल | कैफियत |
|---|---|---|---|
| १ | २०७६ असार मसान्त | घर्तिबाला, पञ्चासी, वनबालारिक, लाम्पता साविक ९) | |
| | २०७७ असार मसान्त | रुजी खोला, खुईम | |
| | २०७८ असार मसान्त | लुकुम | वडा घोषणा |
| २ | २०७५ असार मसान्त | | |
| | २०७६ असार मसान्त | खावांङ्ग, गावाङ्ग | |
| | २०७७ असार मसान्त | काँक्रि | वडा घोषणा |
| ३ | २०७५ असार मसान्त | सिमा | |
| | २०७६ असार मसान्त | क्यांङ्गसी, झुम्लाबाङ्ग, मोरावाङ्ग | वडा घोषणा |
| ४ | २०७५ असार मसान्त | | |
| | २०७६ असार मसान्त | तल्लो साकिम | |
| | २०७७ असार मसान्त | काँडा १८ | वडा घोषणा |
| ५ | २०७५ असार मसान्त | उपल्लो साकिम | |

आज्ञाले,

चन्द्रसिंह श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत